COVID-19 INFO

# तास्मानियाको अस्पताल र वृद्ध हेरचाह केन्द्रहरूमा आगन्तुक प्रतिबन्धहरू

## सार्वजनिक अस्पतालमा बिरामी भेट्न जाँदा

सबै आगन्तुकहरुले अस्पतालमा प्रवेश गर्नुअघि एक आगन्तुक परीक्षण पूरा गर्नुपर्छ।

भेट गर्ने समय दैनिक दिउँसो २ बजे – बेलुका ६ बजे सम्म हुनेछ।

आगन्तुकहरू कुनै एक समयमा अधिकतम एक जना बिरामीको मात्र भेट्न पाउनेछन्। केही अस्पताल वार्ड वा स्थानहरूमा यस नियमको अपवाद हुन सक्छ। यदि अपवादको लागि अनुरोध गर्न चाहानुहुन्छ भने अस्पतालमा सीधै सम्पर्क गर्नुहोस्।

## वृद्ध हेरचाह केन्द्र (एज्ड केयर) हरूमा भेट्न जाँदा

तपाईं वृद्ध हेरचाह केन्द्रहरूमा भेट्न जान सक्नुहुन्छ र त्यहाँका बासिन्दाहरु साथी र परिवारसँग बाहिर जान सक्छन्।

एकपटकमा अधिकतम दुई जना व्यक्तिले एक बासिन्दालाई भेट्न सक्छन् र उनीहरुसँग चाहे जतिको समय रहन सक्छन् (वृद्ध हेरचाह केन्द्रहरूको आफ्नै नीतिअनुसार)।

प्रत्येक दिन एकभन्दा बढी पटक भेट्न अनुमति दिइन्छ र आगन्तुकहरूमा कुनै उमेरको सीमा छैन।

आगन्तुकहरूले अद्यावधिक फ्लू खोप लगाएको हुनैपर्छ र प्रवेश गर्नु अघि जाँच गरिनेछ।

## निम्न अवस्थामा तपाईं भेट्न नजानुहोस्:



विगत १४ दिनमा अन्तर्राष्ट्रिय वा अन्य राज्यहरूमा भ्रमण गर्नु भएको थियो



श्वासप्रश्वास संक्रमणको लक्षणहरू देखिएका छन् वा शरीरको तापक्रम ३७.५ डिग्रीभन्दा बढी छ



विगत १४ दिनमा COVID-19 लागेको पुष्टि भएको व्यक्तिसँग सम्पर्कमा आउनु भएको थियो वा तपाईलाई COVID-19 भएको संभावित आशंका गरिएको छ ।